सिंजा गाउँपालिकाद्वारापारित

# स्वयमसेवक स्वास्थ्यकर्मी तथा कर्मचारी छनौट र सेवा सुविधा सम्बन्धि कार्यविधि २०८०

प्रस्तावनाः

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले निर्वाध उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले सबै स्थानीय तहका सबै वडाहरुमा स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र विकटक्षेत्रमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गर्नुपर्ने, सम्पूर्ण जनतालाई स्वास्थ्यको पहुँचमा सेवा विस्तार गर्नुपर्ने र प्रत्येक वडामा बर्थिङ सेन्टरकोव्यवस्थापन,विकास तथा परिचालन स्थानीयबाटगर्न निर्देशन गरेको छ।गाउँपालिका क्षेत्रमा स्वास्थ्यको महत्वपूर्ण सूचक जस्तैमातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा स्थानीय स्वास्थ्यकर्मीहरुको महत्वपूर्ण भूमिकालाई उच्च मूल्याङ्कन गर्दै सामुदायमा सचेतना अभिवृद्धिएवं स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य सेवालाई थप बिस्तार गर्ने समुदायमा स्वास्थ्यलाईउत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिंजा गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम स्वयमसेवक स्वास्थ्यकर्मी तथा कर्मचारी छनौट र सेवा सुविधा सम्बन्धि कार्यविधि २०८०रहनेछ।

(ख)यो कार्यविधि सिंजा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले पारित गरेपछि लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यविधि भन्नाले स्वयमसेवक स्वास्थ्यकर्मी तथा कर्मचारी छनौट र सेवा सुविधा सम्बन्धि कार्यविधि २०८० सम्झनु पर्दछ।

(ख) स्वयंमसेवक स्वास्थ्यकर्मीहरु भन्नाले सिंजा गाउँपालिका स्वास्थ्य शाखाबाटछनौट भएका, निरन्तरता पाएका कार्यपालिकाको निर्णय र अघिल्लो वर्षको कार्यक्षमतामुल्याकनबाट स्वास्थ्य शाखाको सिफारिसकोआधारमा निश्चित अवधिसम्म स्वयंसेवक भई निःशुल्क रुपमा वा पारिश्रमिक बाहेक, अन्य खाजा बाटो खर्च, यातायात खर्च, सञ्चार

खर्च, रात्रिकालिन भत्तामा काम गर्न इच्छुक र काम गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानीCTEVTबाट सम्बन्धित विषय उतिर्ण गरी अनुभवहासिल गरेका, पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंमसेवक स्वास्थ्यकर्मीहरुलाई जनाउँछ ।

ग) स्वयमसेवक कार्यालय सहयोगी भन्नाले वडा स्तरमा रहेका स्वास्थ्यका कार्यालयहरुमा नियमित रुपमा कार्यालय संचालन प्रक्रियामा कार्यालय प्रमुखले अह्राएको काम गर्न कर्मचारी भन्ने बुझ्नुपर्छ ।

घ) स्थानीय तह भन्नाले सिंजा गाउँपालिका सरकालाई बुझाउनेछ ।

## परिच्छेद२

## स्वयंमसेवक तथा स्वास्थ्य संस्थामाकाम गर्ने कर्मचारीहरुको कार्यक्षेत्र र कामको विवरण

३) स्वयसेवक कर्मचारीको काम देहाय वमोजिम हुनेछः

(क)**स्वयंमसेवक सफाईकर्मी (स्वीपर)** ले वडा स्तरमा संचालित बर्थिङ सेन्टरमा सुत्केरीहरुलाई तातो/चिसो पानी,सरसफाई,रगतजन्य कपडा,सालनाल आदि व्यवस्थापनको काम गर्नुपर्नेछ ।

(ख)**स्वयमसेवक कार्यालयसहयोगीले** वडा स्तरमा रहेका स्वास्थ्य कार्यालयहरुमा नियमित रुपमा कार्यालय संचालन प्रक्रियामा सहयोग पुऱ्याउनुपर्नेछ । कार्यालय सहयोगीले ढुवानी,गाउँघरक्लिनिक संचालन,औषधि ढुवानी र स्वास्थ्यको संचार प्रवाहमा समेत सहयोग पुऱ्याउनुपर्नेछ ।

(ग)**स्वयंमसेवक अहेबले** वडा स्तरमा संचालितस्वास्थ्य केन्द्रहरुमा स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ ।

(घ)**स्वयंमसेवक अनमीले** वडा स्तरमा संचालित बर्थिङ सेन्टरमा सुत्केरीहरुकोव्यवस्थापन गर्नुपर्नेछ । फोनकल सेवा प्रवाह गर्नुपर्नेछ । खाली समयमा पनि खोप,आमा सुरक्षा आदि स्वास्थ्यका कार्यक्रममा सहयोग पुऱ्याउनुपर्नेछ । मुख्यतया आमा र नवजात शिशुकोव्यवस्थापनका कार्यमा सम्लग्न हुनुपर्नेछ ।

(ङ)**प्रयोगशालामा काम गर्ने स्वयंमसेवक स्वास्थ्यकर्मीहरुले** वडा स्तरमा रहेकानयाँ संचालित प्रयोगशालामा काम गर्नुपर्नेछ ।

(च)**स्वयंमसेवक डाक्टर (चिकित्सक)ले**स्थानीय सरकारको निर्णय अनुसार सरकारलेतोकेको ठाउँमा काम गर्नुपर्नेछ । स्थानीय सरकारको नियम अनुसार सेवा सुविधा सम्बन्धि सम्झौताका आधारमा काम गर्नुपर्नेछ ।

## परिच्छेद ३

### स्वयंमसेवक तथा स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुको छनौट तथा सेवा मुक्त हुने सम्बन्धी व्यवस्था

४. स्वयंमसेवक छनौट देहाएको प्रावधान बमोजिम हुनेछः

(१) अनुसूची १ र २ मा उल्लेखित पदहरुमा स्वेयमसेवक कर्मचारी छनौटका लागि गाउँपालिकाले स्वास्थ्या शाखा प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक समिति गठन गर्नेछ ।

(२) समितिले स्वयमसेवक कर्मचारी छनौटका लागि सूचना प्रकाशित गर्नेछ ।

(३) प्रकाशित सूचना बमोजिम प्राप्त आवेदनहरुकहरुको लिखित वा मौखिक परीक्षा लिइ समितिले योग्य स्वयमसेवक कर्मचारी छनौट गर्नेछ ।

(४)स्वयमसेवक कर्मचारी छनौट गर्दा तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेकालाई प्राथमिकता दिइनेछ ।

(५)छनौट हुने स्वयमसेवक कर्मचारीले कम्तिमा ५वर्ष सेवा गर्न इच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्नेछ ।

(६)बिरामी, गर्भवती,सुत्केरी आमा र नवजात शिशुको सेवा गर्न इच्छा जाहेर गरेकोहुनुपर्नेछ ।

(७)२०वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेकोहुनुपर्नेछ ।

(८)सरकारी वा गैरसरकारी संस्थामाकुनै पनि लाभको पदमा तत्काल बहाल नरहेकोहुनुपर्नेछ ।

(९)कम्तिमा सम्बन्धित विषय अध्ययन गरी तोकिएको शैक्षिक योग्यता उत्तिर्ण गरेको र सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेकोलाई विशेष ग्राहयता दिइनेछ ।

(१०)उत्पीडित समुदाय, महिला, जनजाति, दलित, लोपोन्मुख जाति वा आदिवासीसमुदायलाई विशेष प्राथमिकता दिइनेछ।

**५) स्वयंमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुको सेवा मुक्तः**

(क) दफा ३ अनुसार छनौट भएका वा कार्यरत रहेका स्वयंमसेवक स्वास्थ्यमकर्मी कर्मचारीहरु देहाएको अवस्थामा सेवाबाट मुक्त हुनेछन् ।

(१) राजीनामा दिएमा,

(२) ४५वर्ष उमेर पूरा भएमा,

(३)प्रत्येक १ (एक) वर्षमावडा र स्वास्थ्यचौकीको कार्य सम्पादन मुल्यांकनमा छनौटनभएमा,

(४) कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा,

(५) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९०प्रतिशत भन्दा कम अवधि कार्यक्षेत्रमा बसोबास गरेको भेटिएमा ।

(६)लामो समयसम्म विरामी वा दिर्घरोगी भई समुदायमा सेवा दिन नसक्ने भएमा ।

(७) तोकिएको नियम कानुन उल्लंघन गरेमा वा आचरणविपरित कार्य गरेको भेटिएमा वा नैतिक पतन देखिने कुनै कार्य गरेमा,

८) राजनैतिक पार्टीको जिम्मेवार पदमा नियुक्त भएमा,कुनै अन्य सरकारी वा गैर सरकारी संस्थामा नियमित कर्मचारीको रुपमा दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा काम गरेको पाइएमा ।

(९) उपदपका (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारी वा सहयोगीलेसम्बन्धित निकायको अनुमति नलिई विना सूचना१५ दिनसम्म लगातार कार्यालयमा अनुपस्थित भएमा स्वतः सेवा मुक्त भएको मानिनेछ ।

## परिच्छेद ४

## सेवासुविधा सम्बन्धी व्यवस्था

६) स्वयमसेवक कर्मचारीहरुको सेवा सुविधा देहाय वमोजिम हुनेछ ।

क) स्वयमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुले कुनै पनि किसिमको तलब, सेवा सुबिधा दाबी गर्न पाउने छैनन् ।अन्य खाजा,स्वास्थ्य **हेजार्ड,** मासिक बाटो खर्च (यातायात), सामान्य संचार खर्च वा रात्रिकालीन भत्ता तोकिए वमोजिम पाउनेछन् । त्यसवाहेक केही रकम दुबै पक्षको आपसी सम्झौताको आधारमा पाउनेछन् र त्यसवापत पाउने सबै रकम बैंक मार्फत उपलब्ध गराइनेछ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वयंमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुलेआमा समूहको बैठक सञ्चालन, मासिक बैंठकमा उपस्थिति, खोप क्लिनिक तथा आमा सुरक्षा कार्यक्रम, बर्थिङ सेन्टरमासहयोग पुऱ्याउने जस्ता क्रियाकलापमा सहभागी भए वापत उत्पेरणा स्वरुप अनुसूची-२मा उल्लेख भए अनुसारको सेवा सुविधा पाउनेछन् ।

## परिच्छेद ५

## विविध

क) स्वयंमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुको अन्य छुटसम्बन्धी व्यवस्था:: यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा सिंजा गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानून वमोजिम हुनेछ ।

ख) यस कार्यविधिमा कुनै संशोधन वा खारेजी गर्नुपर्ने अवस्था भएमा सिंजा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्न सक्नेछ।

अनुसूची १

शैक्षिक योग्यता सम्बन्धि व्यवस्था

| सि.नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| १ | स्वयमसेवक सफाईकर्मी( स्वीपर) | साधारण लेखपढ | |
| २ | स्वयमसेवक कास | साधारण लेखपढ | |
| ३ | स्वयमसेवक अहेव | सिटिईभीटी वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १८ महिने अहेवको कोर्स पूरा गरी उत्तिर्ण गरेको | |
| ४ | स्वयमसेवक अनमी | सिटिईभीटी वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १८  महिने अनमीको कोर्स पूरा गरी उत्तिर्ण गरेको | |
| ५ | स्वयमसेवक प्रयोगशाला कर्मचारी चौथो र पाँचौं तहको लागि | सिटिईभीटी वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा तोकिएको अवधिको तहगत कोर्स पूरा गरी उत्तिर्ण गरेको | |

अनुसूची-२

दफा ६ (२) सँग सम्बन्धित

(क) स्वयमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुले तपशीलकोसुविधामा द्वीपक्षीय सम्झौताका आधारमा पछि कुनैपनि थप सुविधा माग नगर्नेशर्तमा काम गर्नुपर्नेछ ।

(ख) स्वयमसेवक स्वास्थ्यमाकाम गर्ने कर्मचारीहरुले पाउने सेवा सुविधामा गाउँपकार्यलिकाले आवधिक संशोधन गर्न सक्नेछ ।

स्वयमसेवक कर्मचारी, स्वास्थ्यकर्मी तथा सहयोगीले पाउने सेवा सुविधा यस प्रकार रहेको छः

| सि.नं. | पद | मासिक रकम | काम गर्ने समय वा पाउने सुविधा सम्बन्धि विवरण | चाडपर्व/पोसाक |
|---|---|---|---|---|
| १ | स्वयमसेवक सफाईकर्मी(स्वीपर) | ६००० | बाटो तथा यातायात खाजा खर्च (सुत्केरी आएको बेला कार्यालयमा मात्र) | छैन |
| २ | स्वयमसेवक कास | ८००० | बाटो तथा यातायात खाजा खर्च (दैनिक ४ घन्टा मात्र तथा कार्यालय प्रमुखको निर्देशन अनुसार) | छैन |
| ३ | स्वयमसेवक अहेब | १०००० | बाटोखर्च, यातायात खर्च मात्र (दैनिक ४ घन्टा मात्र तथा कार्यालय प्रमुखको निर्देशन अनुसार) | छैन |
| ४ | स्वयमसेवक अनमी | १५००० | बाटो खर्च, यातायात र खाजा तथा हेजार्ड खर्च । (दैनिक ६ घन्टा वा कार्यालयको आवश्यकता तथा कार्यालय प्रमुखको निर्देशन अनुसार । अनकल सेवा प्रदान गर्दा सेवा दिने ठाउँ र दूरी अनुसार सुविधामा फरक पर्नसक्नेछ । | छैन |
| ५ | स्वयमसेवक प्रयोगशाला कर्मचारी चौथो र पाँचौं तहको लागि | १०००० (चौथो तह) र १८००० (पाँचौ तह) | बाटो खर्च, यातायात खर्च, खाजा खर्च, हेजार्ड खर्च मात्र -दैनिक ६ घन्टा वा कार्यालयको आवश्यकता र कार्यालय प्रमुखको निर्देशन अनुसार) अनकल सेवा प्रदान गर्दा सेवा प्रदान गर्ने ठाउँ र दूरी अनुसार सेवा सुविधा फरक पर्न सक्नेछ । | छैन |

## सम्झौताको नमूना फारम

म (प्रथम पक्ष)..............................................................................गाउँपालिका वडा नं ......... बस्ने श्री ..............................को छोरा /छोरी ना.प्र..नं...............................सिंजा गाउँपालिकाको स्वयमसेवक ..............................पदमाबसी ....................................स्वास्थ्य चौकीमा/आधारभूत स्वास्थ्य केन्द्रमा नियम अनुसार नियुक्ति पत्रमा लेखिएको कुरामा आधारमा काम गरे स्वरूप,तलबबाहेकको मासिक रकम खाजा यातायात,हेजार्डर प्रोत्साहनरकम स्वरूप मासिक रु .....................अक्षर ........................................................मा काम गर्ने मनसाय भएको हुनाले यो सम्झौता गरेको छु ।

१.माथि उल्लेखित रकम बाहेकको रकम म कुनै पनि माग दाबी गर्ने छैनजसमा (मासिक तलब,पोसाक,चाडपर्व र अन्य सुविधाहरु पर्नेछन् ।

२.म सिजा गाउपालिकाद्वारा पारित “स्वयमसेवक स्वास्थ्यकर्मी तथा कर्मचारी छनौट र सेवा सुविधा सम्बन्धि कार्यविधि २०८०”को अधिनमा रही म प्रति दिन ....... घण्टा वा कार्यालय प्रमुखको निर्देशित कार्यालय आवश्यकता अनुसार काम गर्न मंजुर छु ।

३. माथि उल्लेखित सम्झौता म मेरो मनदेखि राजिखुसी भईगरेको छु । यसमा कसैको दवाव,अन्य कुनै पनि जवरजस्ती गरेको छैन ।

४ . अन्य नियम सेबा सुबिधा स्वयमसेवक स्वास्थ्यकर्मी तथा कर्मचारी छनौट र सेवा सुविधा सम्बन्धि कार्यविधि २०८० अनुसार रहने छ ।

प्रथम पक्षबाट
नाम :
पद :
ठेगाना :
फोन नं
हस्ताक्षर :

कार्यालयको तर्फबाट
नाम :
पद :
हस्ताक्षर :
कार्यालयको छाप :